REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs

Date: 27.02.2026

---

*आसाम लिंग्जेमा  राज्य तथा केन्द्र सरकारको एमएसएमई योजनाहरू सम्बन्धी जागरूकता कार्यक्रम सम्पन्न*

आसाम लिंग्जे जीपीके हलमा सूक्ष्म, साना तथा सझौला उद्यमहरू एमएसएमई कार्यसम्पादन बढ्ाउने र प्रवेग गर्ने कार्यक्रम अन्तर्गत राज्य तथा केन्द्र सरकारका योजनाहरू सम्बन्धी एक दिने जागरूकता कार्यक्रम सम्पन्न भयो ।

यो कार्यक्रम सिक्किम सरकारको वाणिज्य तथा उद्योग विभाग अन्तर्गत जिल्ला उद्योग केन्द्र, पाकिमले सिक्किम उद्यमशीलता तथा आर्थिक विकास सेलसँगको सहकार्यमा आयोजना गरेको थियो । यो कार्यक्रमको उद्देश्य विद्यमान र आकांक्षी उद्यमीहरूको हितको लागि विभागद्वारा कार्यान्वयन भइरहेका विभिन्न राज्य तथा केन्द्र सरकारको एमएसएमई योजनाहरूको बारेमा जागरूकता जगाउनु थियो ।

---

*टाशिलिङ सचिवालयमा छैटौं राज्यस्तरीय एनसीओआरडी बैठक सम्पन्न*

मुख्य सचिव रवीन्द्र तेलङले आज टाशिलिङ सचिवालयको सम्मेलन हलमा आयोजित छैटौं राज्यस्तरीय नार्को समन्वय केन्द्र बैठकको अध्यक्षता गर्नुभयो ।

स्वागत भाषण दिँदै गृह विभागका सचिव तेन्जिङ टी कालियोनले एनसीओआरडीको आन्तरिक कार्यप्रणालीको बारेमा सदस्यहरूलाई जानकारी गराउनुभयो । मुख्य सचिवले स्रोतहरूको प्रभावकारी पत्तो लगाउनु र लागूऔषध खतराको पूर्ण उन्मूलन सुनिश्चित गर्न जोड दिनुभयो । बढ्दो निगरानीको लागि आह्वान गर्दै, उहाँले लागूऔषध नियन्त्रण ब्यूरो र प्रवर्तन निर्देशनालय जस्ता राष्ट्रिय एजेन्सीहरूसँग लक्षित अनुगमन र सुधारिएको समन्वयको महत्तवलाई जोड़ दिनुभयो ।

---

*भूकम्पका झटकाहरूबीच*

विगत केही दिनदेखि सिक्किममा लगातार भूकम्पका झटकाहरूको मध्येनजर, राज्य प्रशासनले जनतालाई नआत्तिन र तम तयार रहन आग्रह गरेको छ । राहत आयुक्त रिन्जिङ छेवाङ भुटिया र सिक्किम राज्य विपद व्यवस्थापन प्राधिकरणका निर्देशक प्रभाकर राईले जानकारी दिए कि

गत एक महिनामा सिक्किम नेपाल- भुटान- तिब्बत क्षेत्रमा भूकम्पका जम्मा 57 वटा झटकाहरू रेकर्ड गरिएका छन् । यीमध्ये 41 वटा भूकम्पको केन्द्रबिन्दु सिक्किममा रहेको थियो । श्री भुटियाले भने कि 4.6 रेक्टर स्केलको सबैभन्दा शक्तिशाली भूकम्प हिजो पश्चिम सिक्किममा रेकर्ड गरिएको थियो यद्यपि, अहिलेसम्म कुनै ठूलो क्षतिको रिपोर्ट आएको छैन् । जनतालाई अपील गर्दै, राहत आयुक्तले मानिसहरूलाई उनीहरूको घरहरू सामान्यतया सबैभन्दा सुरक्षित ठाउँहरू हुन् भन्दै भूकम्पको समयमा न भाग्न सल्लाह दिए ।

आज गान्तोकमा पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै श्री भुटियाले बासिन्दाहरूलाई सधैं सुरक्षा अभ्यासहरू पालना गर्न आग्रह गरे । सिक्किम राज्य विपद् व्यवस्थापन प्राधिकरणले विद्यालयहरूमा नक्कली अभ्यास सञ्चालन गर्ने, सुरक्षा निर्देशिका जारी गर्ने र शैक्षिक संस्थाहरूमा विपद व्यवस्थापन क्लबहरू गठन गर्ने लगायत तयारी पहलहरूमा ध्यान केन्द्रित गर्दै आएको छ । प्राधिकरणले सबै ग्राम पञ्चायतहरूलाई आ- आफ्नो क्षेत्रमा विपद् व्यवस्थापन क्लबहरू पुन चलाउने पनि अनुरोध गरेको छ ।

अधिकारीहरूले थप जानकारी दिए कि भारत सरकारको सचेत एपले प्रकोप वातावरणीय सतर्कता र मौसम अद्यावधिकहरूसँग सम्बन्धित वास्तविक- समय जानकारी प्रदान गर्दछ । नागरिकहरूलाई यो एप प्रयोग गर्न प्रोत्साहित गरिएको छ ।

---

*IPR*

सूचना तथा जनसम्पर्क विभागले आज गान्तोकस्थित आफ्नो सम्मेलन हलमा नशा मुक्त अभियान सम्बन्धी कार्यशाला आयोजना गऱ्यो । आईपीआर विभागकी सचिव अन्नपूर्णा आलेले आफ्नो सम्बोधनमा लागूपदार्थ दुरूपयोगलाई सम्बोधन गर्न सामूहिक जिम्मेवारीको महत्वलाई जोड़ दिइन् । यो पहलले समाजलाई लतसँग संघर्ष गरिरहेका व्यक्तिहरूलाई सहयोग पुऱ्याउने अवसर प्रदान गर्दछ, सुश्री आलेले भनिन् । परिवार र साथीहरूको भूमिकामा जोड़ दिँदै, उनले सबै सरोकारवालाहरूलाई लागूपदार्थको निर्भरता हटाउन र स्वतन्त्रता तथा सम्मानको जीवन रोज्नलाई, प्रभावित व्यक्तिहरूलाई सहयोग गर्न ठोस प्रयास गर्न आग्रह गरिन् ।

---

*खेलो इन्डिया ट्राइबल गैम्स*

खेलो इन्डिया ट्राइबल गैम्स 2026 को लागि दोस्रो चरणको छनोट परीक्षण दिल्लीको डीडीए यमुना कम्प्लेक्समा आयोजना गरिएको थियो । सिक्किमका दुई महिला कम्पाउन्ड आर्चर चोमित लेप्चा र फुरबा डोमा भुटिया तेस्रो र पाँचौ स्थानमा रहे र मार्च महिनामा छत्तीसगढमा आयोजना हुने ट्राइबल गैम्स खेलकुदका लागि छनोट भए । पुरूष रिकर्भ डिभिजनमा छिरिङ नोर्बु भुटिया छनोट भएका छन् ।

---

***सिक्किमका पूर्व कार्यवाहक राज्यपाल सिक्किम भ्रमणमा***

सिक्किमका पूर्व कार्यवाहक राज्यपाल तथा सिक्किम उच्च अदालतका पूर्व मुख्य न्यायाधीश एस. एन. भार्गव 27 फेब्रुअरी देखि 3 मार्च सम्म आफ्ना परिवारका सदस्यहरू सहित सिक्किमको निजी भ्रमणमा हुनुहुन्छ।

आफ्नो बसाइको क्रममा, उहाँले छंगु ताल र नाथुला दर्राको भ्रमण गर्ने, सिक्किम उच्च अदालतका न्यायाधीशहरूसँग भेट गर्ने र गान्तोक र कालिम्पोङको स्थानीय भ्रमण गर्ने कार्यक्रम छ । सिक्किम सरकारले प्रतिष्ठित व्यक्तिलाई राज्य अतिथि घोषणा गरेको छ।